# गोदावरी नगरपालिका

## बज्रबाराही, ललितपुर

## टोल विकास संस्था गठन र कार्यविधि २०७६

गोदावरी नगरपालिका, ललितपुर

# परिच्छेद : १

**प्रस्तावना :**

नेपालको संविधान २०७२ को अनुसूचि ८ मा उल्लेख भए वमोजिमको स्थानीय तहको एकल अधिकार सूचि, संविधानको धारा २२६ को उपधारा २, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ले दिएको अधिकार प्रयोग गरी गोदावरी नगरपालिकाको क्षेत्र भित्र रहेका घरधुरी सदस्य रहने गरी एक घर एक सदस्यको आधारमा सबै घरधुरीलाई आबद्ध गराई सबै प्रतिनिधित्व हुने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी टोल बस्तिस्तरमा संस्थागत बिकास गर्न यो कार्यबिधि बनाई नगर कार्यपालिकाबाट स्वीकृत भएपश्चात स्थानीय राजपत्रमा प्रकासित भएको मिति देखि लागु हुनेछ ।

## १. टोल विकास संस्था

समाज परिचालन प्रक्रिया मार्फत टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास साथै सुशासन कायम गर्ने नगरपालिकामा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका घरधुरी सदस्य रहने गरी एक घर एक सदस्यको आधारमा सबै घरधुरीलाई आबद्ध गराई सबै प्रतिनिधित्व हुने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिने बहुउद्देश्यीय संस्थालाई टोल विकास संस्था भनिन्छ ।

२. उद्देश्य

टोल स्तरमा घरधुरीलाई संगठित गरी टोल विकास संस्थाको गठन गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन:

(क) टोलबासी जनताहरुलाई संगठित गरी तिनीहरुमा सामुहिक भावमा जागृत गराउन,

(ख) टोल विकास संस्थाका सदस्यहरु बीच समझदारी, समन्वय र मेलमिलाप कायम गराउन,

(ग) टोल विकास संस्थाका सदस्यहरु बीच धनी, गरीब र उच्च, निचको भवना हटाई सामाजिक समानता र समता कायम गराउन,

(घ) सामुहिक कार्यहरु टोल विकास योजनाको रुपमा टोल विकास संस्थाका बैठकबाट सर्वसम्मत निर्णय प्रक्रियाबाट गर्ने पद्धतिको विकास गराउन

(ङ) निर्णय प्रक्रियामा सबैलाई समान अवसर र अधिकार प्रदान गर्न एवम् पारदर्शिता ल्याई सुशासनलाई बढावा दिन

(च) टोल विकास संस्थाका सदस्यहरुको हितका लागि संगठन, बचत र सीप विकास साथै संस्थाका सदस्यहरुमा उद्मशीलताको विकास गराई टोलस्तरमा उद्यमको सिर्जना, विकास र प्रबर्द्धन गरी गरिबी न्यूनीकरणम सहयोग पुर्‍याउन,

(छ) स्थानीय निकाय, नगरपालिका साझेदारी विकास कोष, अन्य संघसंस्था वा वित्ती संस्थाहरुसँग टोल विकास संस्थाको सदस्यहरुको हितका लागि गरिने कार्यहरुमा पहुँच बढाई सम्बन्धित संस्था/निकायसँग सम्बन्ध स्थापना गर्न,

(ज) टोल विकास संस्थाका सदस्यहरु मध्ये महिला, दलित, आदिबासी जनजाति तथा सुकुम्बासीहरुको क्षमता अभिबृद्धि गर्नुका साथै गरिबी न्यूनीकरणमा प्राथमिकताकासाथ कार्यक्रमहरु संचालन गर्न,

(झ) मानिसमा अन्तर्निहित क्षमता प्रस्फुटित गर्न प्रदान गर्न,

(ञ) सम्बन्धित नगरपालिका अन्तरर्गत विकास कार्यमा सहयोग गर्ने सबै संस्थाहरुको एक मात्र प्रवेशद्वाराको रुपमा टोल विकास संस्थालाई विकास गर्न,

(ट) टोल विकास संस्थाका सदस्यहरुलाई विकासको मूल प्रवाहमा संलग्न हुने अवसर सृर्जना गर्न,

(ठ) टोल विकास संस्थालाई वडाभन्दा तल्लो एकाइको रुपमा विकास गरी सहभागितात्मक नगरपालिका विकास योगना तर्जुमा,अनुगमन एवं मूल्याङ्कन प्रक्रियामा सहभागी गराउन,

(ड) टोल विकास संस्थाले आफ्नो सदस्यहरुको गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्न र

(ढ) टोल विकास संस्थाको दीर्घकालीन विकासको अवधारण तथा दृष्टिकोण तयार गर्न ।

३. **गठन र विधान**

(क) नगरपालिका क्षेत्र तथा बजार केन्द्रहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

(ख) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेट्नु पर्दछ । यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । दलित, आदिवासी जनजाति,सुकुम्बासी तथा महिला जस्ता ओझेलमा परेका वर्गको हकमा ९० प्रतिशत भन्दा कम घरधुरी समुहमा आवद्ध हुन चाहेमा पनि संस्था गठन गर्न सकिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरु मध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउन प्रोत्साहन गरिनेछ ।

(ग) टोल विकास संस्थामा पुरुष वा महिला घरधुरी प्रतिनिधि सदस्य हुनेछन् । दलित, आदिबासी, जनजाति तथा महिलाको सहभागिता र नेतृत्वदायी भूमिका निर्वाह गर्न प्रोत्साहन गरिनेछ ।

(घ) दलित, आदिवासी जनजनति, सुकुम्बासी वर्गका महिला तथा पुरुषहरुलाई सामाजिक सशक्तीकरण प्रक्रियामा सहभागी गराउन तथा उनीहरुलाई सक्रिय पार्न आवश्यक क्षमता अभिवृद्धि र प्रोत्साहन गरिनेछ ।

(ङ) टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न विधान तयार गर्नुपर्नेछ विधान तयारीका लागि कोषले टोल विकास संस्थाको नमुना विधान (अनुसूची-१) उपलव्ध गराउने छ । टोल विकास संस्थाको विधानमा निम्न विषयवस्तु उल्लेख गर्नुपर्नेछ ।

१) टोल विकास संस्थाको पदाधिकारी अध्यक्ष, सचिव, कोषाध्यक्ष छनौट, कार्यविधि, हेरफेर प्रक्रिया तथा निलम्बन र निष्कासन सम्बन्धी प्रावधान,

२) टोल विकास संस्थाको पदाधिकारीहरु अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरुको काम, कर्तव्य र अधिकार,

३) सदस्यता सम्बन्धी नीति, र

४)बचत तथा ऋण परिचालन, बाहिरी निकायबाट ऋण प्राप्ति तथा ऋण लगानी लगायत सम्पूर्ण सामाजिक र आर्थिक विकास नीति ।

४. **दर्ता**

(क) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई गोदावरी नगरपालिकामा अनिवार्य दर्ता/सूचीकृत गराई नगरपालिका साझेदारी विकास कोषमा आवद्ध हुनुपर्दछ । टोल विकास संस्थालाई नगरपालिकामा दर्ता गर्दा पेश गर्ने निवेदनको नमुना अनुसूची-२ मा उल्लेख गरिएको छ । यसरी टोलविकास संस्थाले सर्वसम्मत निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा गोदावरी नगरपालिकाले अनुसूची-३ बमोजिमको टोल विकास संस्था दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्दछ ।

(ख) टोल विकास संस्थाले निश्चित गरिएका उद्देश्य विपरीत कुनै काम गरेमा दर्ता गर्ने निकाय ( नगरपालिका) ले दर्ता खारेज गर्न सक्नेछ ।

५. **टोल विकास संस्थाको काम**

टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछन:

(क) टोल विकास संस्थाको नीति नियम अनुसार धनी, गरिव र उच्च, निचको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

(ख) संस्थाको नियमित बैठक बसी छलफलका विषयहरुमा उपस्थित सदस्यहरुको सर्वसम्मत निर्णयबाट कार्य गर्ने शैली अपनाउने,

(ग) संस्थाका सदस्यहरुसँग बचत रकम संकलन गर्ने र परिचालन गर्ने,

(घ) स्थानीय निकाय, कोष र अन्य संघसंस्थाहरुसँग सम्बन्ध स्थापित गरी विकास निर्माणको काम गर्ने,

(ङ) कोष, स्थानीय निकाय, राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय गैरसरकारी संस्था, दातृसंस्था र बित्तीय संस्थाहरुबाट सामुहिक/सामाजिक जमानीमा ऋण प्राप्त गर्ने र सो ऋणको साँवा रकम सहित ब्याज, सेवा शुल्क र हर्जाना सम्झौता बमोजिम चुक्ता गर्न सजक रहने,

(च) संस्थाका सदस्यहरुलाई सामुहिक/सामाजिक जमानीमा उद्यम विकास योजनाहरु संचालन गर्न ऋण प्रदान गर्ने र उक्त ऋण समयमै असूल गर्न चनाखो रहने,

(छ) प्रत्येक सदस्यलाई आफ्नो टोल क्षेत्रको आर्थिक तथा सामाजिक उन्नतिमा योगदान पुऱ्याउन प्रोत्साहित गर्ने,

(ज) संस्थाका सदस्यहरुलाई ऋण प्रदान गरेबापत तोकिएको ब्याज, सेवा शुल्क र हर्जाना असूल गर्ने । टोल विकास संस्थाको बैठकको निर्णयनुसार आर्थिक वा पूरै ब्याज, सेवा शुल्क र हर्जाना ऋणीले तिर्न नसक्ने स्थिति भएमा सम्बन्धित निकायमा मिन्हा वा घटी गर्न सिफारिस गरी पठाउने,

(झ) टोल विकास संस्थाको नेतृत्व महिला, दलित, आदिवासी जनजातिहरुलाई ल्याउन प्रोत्साहित वातावरणको सिर्जना गर्ने,

(ञ) वचत रकम मध्येबाट केही रकमको आकस्मिक कोष खडा गरी सदस्यहरुलाई सामाजिक र भैपरी आउने कार्यका लागि ऋण दिने,

(ट) अन्य स्थानीय निकाय, संघसंस्था, कार्यमूलक संस्था, उद्यमी समूह र व्यक्तिलाई सेवा प्रदान गरे वापत सेवा शुल्क असुल गर्ने,

(ठ) स्थानीय तह कोष, अन्य संघसंस्था, व्यक्तिबाट चन्दा र अनुदान प्राप्त गर्ने,

(ड) टोल विकास संस्थाको पदाधिकारी र संस्थाको कार्यमा प्रत्यक्ष संलग्न भएका सदस्यहरुलाई संस्थाको आय र विधान बमोजिम पारिश्रमिक, भत्ता र पुरस्कार दिने,

(ढ) टोल विकास संस्था संचालन र व्यवस्थापनका लागि संस्थाको नीति अन्तर्गत रही रकम खर्च गर्ने,

(ण) संस्थाले आर्जन गरेकोमा रकम (व्याज तथा सेवा शुल्क वापतको आम्दानी) संस्थाको बैठकको निर्णयानुसार गर्ने,

(त) संस्थाका सदस्यहरुको गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी सबैभन्दा विपन्न सदस्यहरुको लागि विभिन्न निकायहरुसँग समन्वय गरी विशेष प्याकेज कार्यक्रम संचालन गर्ने,

(थ) संस्थाले संचालन गरेका विभिन्न क्रियाकलापको नियमित रुपमा सहभागितात्मक अनुगमन गर्ने,

(द) टोल विकास संस्थाका सदस्यहरुको सामूहिक समस्या पहिचान गरी प्राथमिकतको आधारमा टोल विकास योगना तर्जुमा गर्ने,

(ध) टोल विकास संस्थाले आफ्नो प्रयासबाट सामाजिक सुधारका क्रियाकलापहरु (लैगिंक, जातीय क्षमता, स्वास्थ्य तथा सरसफाइ, साक्षरता, जनचेतना अभिबृद्धि इत्यादि) आफ्नै पहलमा संचालन गर्ने,

(न) संस्थाले आफ्नो सदस्यको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने र आफ्नो संस्थाको स्थिति त्रैमासिक रुपमा बैठकमा प्रस्तुत गरी वडा मार्फत कोषको संचालक समितिमा प्रतिवेदन पेश गर्ने,

(प) सहभागितात्मक नगरपालिका विकास योजना तर्जुमा गर्ने प्राधमिकताको आाधारमा अति आवश्यक आयोजनाहरुको पहिचान गरी सहयोग गर्ने,

(फ) स्थानीय तह, गैरसरकारी संस्था र दातृसंस्थाको सहयोगबाट संचालित योगनाहरुको कार्यान्वयन र संचालनको अनुगमन गर्ने,

(ब) संस्थाले सदस्यको आर्थिक विकासका लागि योजना तर्जुमा गर्ने र उक्त योजना बमोजिम नगरपालिका, गैरसरकारी संस्था र दातृसंस्थाबाट सहयोग प्राप्त गर्ने,

(भ) समुदायको विकासको लागि सहयोग गर्ने गैरसरकारी संस्था दातृसंस्था र सरकारी निकायहरुले टोल विकास संस्था मार्फत नै विकास कार्य गर्नुपर्ने गरी संस्थालाई विकास गर्ने,

(म) टोल विकास संस्थाको आर्थिक कारोबारको हिसाब राख्ने र लेखापरीक्षण गराउने,

(य) एच.आइ.भी./एड्स जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाका सदस्यहरुलाई जनचेतना अभिवृद्धि गर्नुका साथै अन्य निकायहरुसँगको सहकार्यमा कार्यक्रमहरु संचालन गर्ने,

(र) वार्षिक रुपमा टोल विकास संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा गर्ने परिपाटीको विकास गर्ने ।

## ६. टोल विकास संस्थाको परिपक्वताका आधारहरु

टोल विकास संस्थाहरुले निम्न गरेमा परिपक्व भएको मानिनेछ ।

(क) टोल विकास संस्था यस नगरपालिकामा अनिवार्य रुस्पमा दर्ता/सूचीकृत भई कोषमा आबद्ध भएको हुनुपर्ने,

(ख) संस्थाले नियमित रुपमा आफ्नो बैठक गरेको र प्रत्येक बैठकमा कम्तीमा ८० प्रतिशत सदस्यहरुले भाग लिएको हुनुपर्ने,

(ग) टोल विकास संस्थाले आफ्नै बचतबाट ऋण प्रवाह गरी हिसाब तथा अभिलेख प्रणाली व्यवस्थित रुपमा अपनाएको हुनुपर्ने,

(घ) बैठकमा प्रस्तुत हुने प्रत्येक विषय माथि छलफल गरी निर्णय सर्व सहमतिबाट पारदर्शी रुपमा भएको हुनुपर्ने,

(ङ) संस्थाले आपसी सरसल्लाहबाट टोल विकास योजना तथा उद्यम विकास योजना तर्जुमा गरेको हुनुपर्ने,

(च) संस्थाका सदस्यहरु एकजुट भएर आफ्नो संस्थाको टोल विकास योजना तथा उद्यम विकास योजना कार्यान्वयन गरेको हुनुपर्ने,

(छ) संस्थाले सहभागितामा आधारित योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्न प्रणाली अपनाएको हुनुपर्ने,

(ज) टोल विकास संस्थाले सदस्यहरुको गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी अभिलेख राखेको हुनुपर्ने, र

(झ) टोल विकास संस्थाले आफ्नो दीर्घकालीन विकासका लागि अवधारणा एवं दृष्टिकोण निर्माण गरेको हुनुपर्ने ।

## ७. टोल विकास बैठक

**(क)** नगरपालिका भित्र गठित टोल विकास संस्थाका सदस्यहरुको हित, सहयोग एवं समन्वयका लागि बस्ने नियमित बैठकलाई टोल विकास संस्थाको बैठक भनिनेछ ।

**(ख)** नगरपालिका भित्र स्थापना भएका प्रत्येक टोल विकास संस्थाको बैठक नियमित रुपमा बस्नेछ ।

(ग) टोल विकास संस्थाको बैठक कम्तीमा महिनाको एक पटक बस्नु पर्नेछ । बैठकमा समुदाय परिचालक/बजार केन्द्र परिचालक, नगरपालिकाका प्रतिनिधिहरु, यस क्षेत्रमा कार्यरत अन्य संघसंस्थाका प्रतिनिधिहरुलाई सहभागी गराउन सकिनेछ ।

(घ) सचिवले टोल विकास संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेख्नेछ र उक्त निर्णयहरु कार्यान्वयन गराउने कार्य गर्नेछ ।

(ङ) टोल विकास संस्थाको बैठकले निम्नानुसारको निर्णय गरि कार्यान्वयन गर्नेछः

१) ऋण लगानी, असूली र अन्य सेवासम्बन्धी नीति बनाउने,

२) बिभिन्न एजेन्सी बीच समन्वयात्मक भूमिका निर्वाह गर्ने,

३) योजना तर्जुमा (अवसरहरुको पहिचान र प्राथमिकीकरण) कार्यमा नगरपालिकासंग समन्वय गर्ने,
४) टोल विकास संस्था मार्फत भएको लगानीको सदुपयोगिता बारे अनुगमन गर्ने,
५) संस्थालाई दरिलो तथा प्रभावकारी रहन तथा सदस्यहरुलाई सक्रिय राख्नका लागि सहयोग गर्ने,
६) स्थानीय विशेषज्ञहरुको परिचालनव र नियमित अनुगमन गर्ने,
७) विकास कार्यसंग सम्बन्धित विभिन्न सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थासँग समन्वय गरी सेवा सुविधा प्राप्त गर्ने,
८) सीप विकासका लागि तालिमको पहिचान गरी आवश्यक समन्वय गर्ने,
९) बजारको खोजी, कच्चा पदार्थ र उत्पादित वस्तुहरुको विक्री-वितरणमा सहयोग पुऱ्याउने र बजार सम्बन्धी सूचना प्रसार गर्ने, बजार विकास र व्यवस्थापान गर्ने,
१०) संस्था मार्फत् वातावरण, स्वास्थ्य र सरसफाइ कार्यमा सहयोग गर्ने,
११) अति गरिव, दलित, आदिवसी जनजाति, सुकुम्बासी,आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु र महिला वर्गका लागि विशेष कार्यक्रम संचालन गर्नमा सम्बन्धित संस्थाहरुलाई सहयोग गर्ने,
१२) टोल विकास संस्थाले कोष, स्थानीय तह, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, दातृसंस्था र वित्तीय संस्थाबाट लिने ऋणका लागि सिफारिस गर्ने,
१३) कुनै ऋणीले दैवीप्रकोप, रोगव्याधि, महामारी र यस्तै काबु बाहिरको परिस्थितिले गर्दा ऋणको साँवा रकम समेत घाटा भई ब्याज छुटका लागि निवेदन दिएमा सोको लागि टोल विकास संस्था/कोष वा सम्बन्धित संस्थालाई सिफारिस गर्ने,
१४) नगरपालिका, कोष, गैरसरकारी संस्था, दातृसंस्थलाई विकास कार्यमा आवश्यक सूचना र अन्य सेवाहरु उपलब्ध गराई सहयोग गर्ने,
१५) टोल विकास संस्था तथा नगरपालिका, गैरसरकारी संस्था, दातृसंस्था र वित्तीय संस्थाको बीच समन्वय कारी गर्ने,
१६) टोल विकास संस्थको क्षेत्रभित्र रहेका सामाजिक कुरीति, चलन तथा क्रियाकलापको सामाजिक कुरिति, चलन तथा क्रियाकलापको समाधान/हटाउनका लागि कार्य गर्न,र
१७) एच.आइ.भी./एड्स लगायत सामाजिक समस्याका बारेमा चेतना अभिवृद्धिका साथै अन्य निकायहरुसँग समन्वय गरी कार्यक्रम संचालन गर्ने ।

(च) टोल विकास संस्थाका सदस्यहरुले उठाएका अवसर तथा समस्याहरुलाई टोल विकास योजनाको रुपमा छनौट तथा प्राथमिकताक्रम निर्धारण गरी बीउ पूँजीका लागि सिफारिस गर्ने ।

(छ) आवश्यकता अनुसार टोल विकास संस्थाका सदस्यहरुलाई ऋण पूँजी लगानीका लागि कोषलाई सिफारिस गर्ने, लगानी र असूली गर्ने ।

**८. संस्थाका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

टोल विकास संस्थालाई कसरी प्रभावकारी बनाउने भन्ने सम्बन्धमा संस्थाका अध्यक्षको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ :
१) टोल विकास संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय, र स्थानको निर्णय गर्ने संस्थाका सबै सदस्यको सहमति लिने ।
२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।
३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।
४) छलफल हुदाँ सबैको संम्लन गर्न र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
५) बैठकमा आवश्यक प्रस्तावहरु पेश गर्न लगाउने ।
६) निर्णयहरु लागू गर्ने र गराउने ।
७) सचिव र कोषध्यक्षलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने ।
८) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

९) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।
१०) आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने ।
११) अन्य सहयोगी निकायहरुसँग समन्वय राख्ने, आवश्यक भएमा परिचालनको बन्दोबस्त गर्ने ।
१२) विषय बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।
१३) विविध प्रकारका समन्वय बैठकमा भाग लिने ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता ग्रहण गर्ने,
२) अध्यक्षद्वारा तोकिएका विषयगत कार्यको नेतृत्व प्रदान गर्ने ।

**(ग) सचिवको काम, कर्तव्य, र अधिकारः**

१) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।
२) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षको आदेशनुसार बैठक बोलाउने ।
३) अध्यक्ष र उपाध्यक्ष समेतको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।
४) एकतिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।
५) बैठक पुस्तिकामा उपस्थित गराउने ।
६) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय पढेर पुनः प्रत्येक सदस्यहरुलाई हस्ताक्षर गर्न लगाउने ।
७) बचत तथा ऋण लगानीका व्यवस्थापन गर्न सहयोग पुऱ्याउने ।
८) संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।
९) संस्था संचालनमा र अन्य सदस्यहरुलाई आवश्यक सहयोग गर्ने ।

**(घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारीः**

१) प्रत्येक बैठकमा सबै सदस्यहरुबाट बचत संकलन गरी बचतको विवरण पेश गर्ने ।
२) प्रत्येक सदस्यको बचत रकम व्यक्तिगत बचत खातामा चढाउने ।
३) व्यक्तिगत बचत खाता अनुसारको रकम प्रत्येक सदस्यको पासबुकमा चढाई प्रमाणका लागि दस्तखत गर्ने ।
४) संकलित बचत रकम संस्थाको निर्णयअनुसार नजिकको बैंकको खातामा जम्मा गरी/गराई बैंकबाट प्राप्त भएको पासबुकमा उल्लेख गराउने
५) बैठकको निर्णयअनुसार बचतको परिचालन गरी रेकर्ड राख्ने ।
६) निर्णयअनुसार गर्नुपर्ने लगानी गरी असुली समेत गर्ने र लगानी र असुलीको रेकर्ड राख्ने ।
७) सम्पूर्ण सदस्यहरुको रकम, बैठक सम्बन्धी बचत रकम, बैंकमा रहेका रकमसँग भिडाउने ।
जस्तै,
कुल बचत रकम – बैंकमा रहेको रकम = लगानी/नगद मौज्दात
८) ऋण लगानी पश्चात् प्राप्त ब्याज, आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हुने आम्दानीको वितरण गरी सबै सदस्यहरुको व्यक्तिगत खाता, पासबुक एवं बचत खातामा चढाउने ।
९) संस्थाले गरेको काम/कारोबारको लेखापरीक्षण गराउने ।
१०) बैंकमा खता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।
११) अन्य सदस्यहरुसँग समन्वय राखी सहयोग लिने, दिने ।
१२) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(ङ) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१) साझेदारी पत्रमा उल्लेखित शर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने ।
२) संस्थाको हिसाब- किताब पटक पटक चेक गर्ने ।
३) टोल विकास संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने । उनीहरुको काम सन्तोषजनक नभए उनीहरुलाई फेडबदल गर्ने ।

४) आवश्यकता अनुसार संस्था संचालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।
५) आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।
६) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।
७) नियमित बचत बुझाउने र अरुलाई पनि बुझाउन प्रोत्साहित गर्ने ।
८) आफूले लिएको ऋण समयमा तिर्ने साथै ऋण असुली गर्न सहयोग गर्ने ।

९. **बचत**

(क) गरिबी न्यूनीकरणका लागि विकासका कार्य गरी आयस्तरमा बृद्धि गर्न आवश्यक छ । आयमूलक कार्य गर्न पूँजीको आवश्यकता पर्दछ र यो आवश्यकता बचतबाट मात्र सम्भव भएकोले संस्थामा बचत गर्नुपर्दछ । संस्थाको बचत रकमबाट भविष्यमा उद्यम विकास योजना संचालन गर्न र सामाजिक आवश्यकता परिपूर्ति गर्न सकिन्छ । संस्थामा बचत गर्ने बानीले वित्तीय पद्धतिको विकासमा समेत सघाउ पुऱ्याउँदछ ।

(ख) संस्थाको नीति अनुसार प्रत्येक सदस्यले अनिवार्य रुपमा बचत गर्ने बानी बसाली संस्थामा तोकिएको रकम बचतको रुपमा प्रत्येक बैठकमा गर्नुपर्दछ ।

(ग)टोल विकास संस्थामा विभिन्न स्तरका व्यक्तिहरु सदस्य हुन्छन् । बढी आय हुनेको बढी र घटी आय हुनेको घटी बचत गर्ने क्षमता हुन्छ । बचत रकम सदस्यको भावना कुन्ठित हुन सक्ने भएकोले सबै सदस्यहरुका लागि बचत रकम एउटै निर्धारण गर्नुपर्दछ । बचत गर्नुपर्ने रकम सबै सदस्यहरुको आर्थिक स्थिति र सुविधालाई ध्यानमा राखेर टोल विकास संस्थाको बैठकबाट सर्वसम्मत निर्णय हुनुपर्दछ ।

(घ) बचत रकम टोल विकास संस्थामा रहने भएकोले बचत रकमको उपयोग उपर संस्थाको अधिकार रहन्छ तर आफ्नो बचत माथि प्रत्येक सदस्यको आफ्नो अधिकार कायमै रहन्छ । कुनै पनि सदस्य कुनै कारणवश संस्थाबाट अलग हुनुपरेमा टोल विकास संस्थाको बचत सम्बन्धी विधान (अनुसूची-४ ) मा उल्लेख भए अनुसारको हुनेछ ।

१०. सम्झौता

(क) टोल विकास संस्थाले नगरपालिका साझेदारी विकास कोष, स्थानीय तह, गैरसरकारी संस्था, दातृसंस्था वा वित्तीय संस्थासँग ऋण, अनुदान, क्षमता अभिवृद्धि लगायत अन्य सेवा सुविधा लिनको निमित्त संलग्न पक्षहरुलाई मान्य हुने शर्तहरु राखी सम्झौता गर्नुपर्दछ ।

ख) टोल विकास संस्थाले कोष तथा अन्य क्षेत्रबाट प्राप्त गरेको ऋण पूँजीलाई संख्याको सदस्यहरुको मागको आधारमा ऋण लगानी गर्दा सम्बन्धित उद्यम/उद्यमी समूहरुसँग ऋण आवेदन फाराममा सम्भौता गर्नुपर्दछ ।

११. ऋण प्राप्ति

(क) टोल विकास संस्थाले आफ्ना सदस्यहरुद्वारा गठित उद्यमी समूहहरुलाई ऋण दिन आफ्नो बचत रकम अपर्याप्त भएमा कोष, स्थानीय तह, गैरसरकारी संस्था, दातृसस्था र वित्तीय संस्थाबाट ऋण लिन सक्नेछ ।

ख) ऋण दिने संस्थाले तोकेको शर्त र आधारहरु टोल विकास संस्थालाई मान्य भएमा संस्थाको बैठकबाट ऋण लिने सर्वसम्मत निर्णय गर्नुपर्दछ ।

ग) प्रत्येक टोल विकास संस्थाले ऋण रकम संस्थाको बैठकमा पेश छलफल गर्नुपर्दछ र सो बैठकले कति रकम ऋण लिन सक्ने हो सो निर्णय गर्नुपर्दछ ।

घ) ऋण प्राप्त गर्न ऋण दिने सस्स्थाले तोकेको पूर्व शर्तहरु पुरा गरी तोकेको ढाँचामा एकमुस्ट ऋण पूँजी सहयोग दरखास्तकासाथ टोल विकास संस्थाको निर्णय समावेश गरी पेश गर्नुपर्दछ ।

ङ) टोल विकास संस्थाको सामूहिक जमानीमा वा सामाजिक धितोको आधारमा ऋण प्राप्त गर्ने व्यवस्था हुनुपर्दछ ।

च) ऋण सम्झौता गर्नु र ऋण दिने संस्थाबाट ऋण रकम बुझी लिन टोल विकास संस्थाको बैठकले पदाधिकारीलाई अख्तियारी प्रदान गर्नुपर्दछ ।

छ) टोल विकास संस्थाका अध्यक्षले नगरपालिका सझेदारी विकास कोष र टोल विकास संस्थाको बिच एकमुस्ट ऋण लगानीको सम्झौता गरी कोषबाट टोल विकास संस्थाको बैंक खातामा ऋण लिएको रकम दाखिला गर्नुपर्दछ ।

१२. ऋण लगानी

(क) टोल विकास संस्थाको सदस्यहरुलाई आयमूलक उद्यम संचालनमा र सामाजिक कार्यका लागि रकमको आवश्यकता पर्दछ । सदस्यहरुले रकमको खाँचो पूरा गर्न टोल विकास संस्थासँग ऋण माग गर्न सक्दछ ।

ख) टोल विकास संस्थाले सदस्यहरुबाट संकलन गरेको बचत रकम र सो रकम नपुग भएका स्थानीय निकाय, कोष, गैरसरकारी संथा, बैंक वा वित्तीय संस्थाबाट ऋण लिई उद्यमीहरुलाई प्राथमिकताका आधारम बैठकमा उपस्थित सदस्यहरुको सर्वसम्मत निर्णयबाट ऋण प्रदा गर्नेछ । संस्थाले कोषसँग लिएको एकमुस्टि ऋण रकम आयमूलकव कार्य र उद्यममा लगानी गर्नका लागी मात्र प्रदान गरिनेछ । ऋण निम्न प्राथमिकता क्रममा उपलब्ध गराउनुपर्दछ ।

१) दलित, आदिवासी जनजाति, सुकुम्बबासी, आन्तरिक रुपमा विस्थापित जनसंख्या तथा महिला वर्गको आर्थिक स्थितिमा सुधार ल्याउनका लागि तिनीहरुमध्ये सबैभन्दा विपिन्नलाई आयमूलक कार्य र उद्यम संचालन गर्ने,

२) प्रस्तावित उद्यम विकास योजनाहरुमध्ये छोटो अवधिमा सवैभन्दा बढी प्रतिफल दिने योजना संचालन गर्न,

३) अपाङ्गहरुलाई आयमूलक कार्य र उद्यम संचालन गर्न,

४) आन्तरिक रुपमा विस्थापित तथा समुदायकाबेरोजगारीहरुलाई रोजगारको अवसर प्रदान गर्न, र

५ ) प्राकृतिक सम्पदा संरक्षण कार्यमा सघाउ पु¥याउने आयमूलक कार्य संचालन गर्न ।

ग ) नगरपालिका साझेदारी विकास कोषबाट टोल विकास संस्थाले लिएको एकमुस्ट ऋण रकमबाट अधिकतम प्रति उद्यमी समूहलाई रु . ( र आन्तरिक बचत समेत गरी जम्मा उद्यमी समुहलाई अधिकतम रु . र ( सम्म खण लगानी गर्न सक्ने छ । टोल विकास संस्था स्वशासनको अवस्थामा पुगेपछि उपरोक्त रकममा वृद्धि गरी क्रमशः रु . . र ( सम्म ऋण प्रदान गर्न सक्नेछ । उद्यमी समूहलाई प्रदान गर्ने अधिकतम ऋण रकमको सीमा बढी गर्नु परेमा टोल बिकास संस्थाको बैठकले सर्वसम्मतबाट निर्णय गरी कोषमा सिफारिस गर्न सकिनेछ । तर यसरी परिचालन गर्दा अधिकतम सदस्यहरूलाई फाइदा पुग्ने गरी ऋण पूजी परिचालन गर्नुपर्नेछ ।

घ )टोल विकास संस्थाले उद्यमीसमूहहरूलाई प्रदान गर्ने ऋणको अवधि , किस्ता संख्या , किस्ता रकम र किस्ता भुक्तानी गर्ने मिति,बैठकमा भएको निर्णय अनुसार हुनेछ । ऋण सामान्यतया एक वर्ष भन्दा बढी अवधिका लागि दिनु हुँदैन । तर ऋण लगानी हुने व्यवसायबाट एक वर्ष भित्रमा प्रतिफल प्राप्त नहुने स्थिति भएमा टोल विकास संस्थाले सर्वसम्मत निर्णय गरी १८महिनासम्म ऋणको अवधि कायम गर्न सक्नेछ ।

ङ) टोल विकास संस्थाका सदस्यहरूले संस्थाबाट ऋण प्राप्त गर्नका लागि ऋण आवेदन फारम भरेर संस्थामा पेश गर्नुपर्दछ ।

च )टोल विकास संस्थाको बैठकमा निवेदकलाई ऋण दिन उपयुक्त देखिएमा उपस्थित सदस्यहरूले सर्वसम्मत निर्णय गर्नुपर्दछ ।

छ ) औषधि उपचार र अन्य अपर्झट कार्यका लागि ऋणको आवश्यकता परी बैठक बस्ने मितिसम्म पर्खिन नसकिने अवस्था परेमा अध्यक्षलाई वा अन्य कुनै विश्वासिलो पदाधिकारी वा

सदस्यलाई टोल विकास संस्थाको बचत मध्ये एक निश्चित रकमसम्म आगामी बैठकबाट स्वीकृत गराउने गरी अधिकार प्रदान गर्न सकिनेछ ।

ज ) टोल विकास संस्थाको बैठकबाट संस्थाले ऋण स्वीकृत भएपछि ऋणलिने सदस्य र टोल विकास संस्थाबीच ऋण आवेदन फारममा सम्झौता गरी व ऋण दिइनेछ ।

१३ . **ब्याज**

क ) कोषबाट लिएको एकमुस्ट ऋण टोल विकास संस्थाले आफ्नो उद्यमी सदस्यरुमा १२ प्रतिशत वार्षिक ब्याज दरमा लगानी गर्नेछ । यसरी एकमुस्ट ऋण लगानीबाट असूल उपर गरिने व्याज मध्येबाट संस्थाले ३ ( तीन ) प्रतिशत रकम संस्थाको बचत एव संचालन तथा संस्थागत विकास कार्यमा आवश्यकता अनुसार खर्च गर्न सक्ने छ । संस्थाको बचत रकम वा स्थानीय निकाय , कोष ,गैरसरकारी संस्था र बित्तीय संस्थाबाट लिएको ऋण रकम लगानी गर्दा ब्याजदरमा सकेसम्म फरक हुनुहुँदैन ।

(ख) उद्यमी सदस्यहरुले तोकिएको मितिमा ऋणको किस्ता चुक्ता नगरेमा किस्ता चुक्ता गर्न आएको दिनसम्मको ब्याज समेत हिसाब गरेर जम्मा रकम ऋणीबाट असुल गर्न सक्नेछ ।

(ग) संस्थाले असूल गरेको ब्याजमध्ये ऋण दिने संस्थासँग भएको सम्झौताको शर्त बमोजिम ब्याज ऋण दिने संस्थालाई टोल विकास संस्थाले भुक्तानी भर्नुपर्दछ ।

(घ) टोल विकास संस्थाले लिएको एकमुस्ट ऋणमा ब्याजका लागि समयावधि गणना गर्दा अवस्था अनुसार छट -ग्रेस) अवधि कटाई बाँकी समय ऋण प्रदान गर्ने निकायले तोक्नेछ ।

## १४. ऋण असूली तथा ऋण चुक्ता

(क) टोल विकास संस्थाबाट लिएको ऋणको साँवा रकम र ब्याज तोकिएको भाखामा ऋणीहरुले चुक्ता गर्नुपर्दछ ।

(ख) भक्तानी कार्यक्रममा अण चुक्ता गर्ने मिति सम्भव भएसम्म टोल विकास संस्थाको बैठक बस्ने दिनमै राख्नुपर्दछ ।

(ग) टोल विकास संस्थाले लिएको एकमुस्ट ऋणमा ब्याजका लागि समयावधि गणना गर्दा अवस्थाअनुसार छट - ग्रेस) अवधि कटाई बाँकी समय ऋण प्रदान गर्ने निकायले तोक्नेछ ।

(घ) तोकिएको भाखामा ऋण चुक्ता नगर्ने ऋणीहरुको नामावली तयार गरी बैठकमा पेश गर्नुपर्दछ । ऋण तोकिएको भाखामै असूल गर्ने गराउने परम्पराको विकास गर्नुपर्दछ । तोकिएको भाखापछि ऋण चक्ता गरेमा चुक्ता गरेको दिनसम्मको ब्याज हिसाब गरेर लिने व्यवस्था गर्नुपर्दछ ।

(ङ) भाखा नाघेपछि पनि ऋण चक्ता नगरेमा उद्यमी समूहको सदस्यहरु, टोल विकास संस्था, वडा अध्यक्ष, नगरपालिका गन्यमान्य व्यक्तिहरुबाट ऋण चुक्ता गर्न भनुसुन गर्न र दबाब दिन लगाई ऋण असूली गर्नुपर्दछ ।

(च) सामाजिक दबाबबाट पनि ऋण असूल गर्न नसकेको अवस्थामा मात्र ऋणीले कोष सम्बन्धित स्थानीय निकाय, गैरसरकारी संस्था र बित्तीय संस्थालाई गरिदिएको सम्झौताको आधारमा कानुनी कारबाही गरी साँवा र ब्याज समेत असूल गरिदिन सम्बन्धित कोष, स्थानीय निकाय, गैरसरकारी संस्था र बित्तीय संस्थालाई अनुरोध गर्नुपर्दछ ।

(छ) टोल विकास संस्थाको अनुरोध प्राप्त भएपछि ऋण दिने सम्बन्धित कोष, स्थानीय निकाय, गैरसरकारी संस्था र वित्तीय संस्थाले ऋणीहरु उपर कारबाही गरी ऋण रकम र सोमा लाग्ने ब्याज समेत असूल गरी टोल विकास संस्थाले अन्य ऋण असूल गर्नु पर्ने भए सा समेत असूल गरी बाँकी रकम सम्बन्धित उद्यमी समूहलाई भुक्तानी गर्नेछ ।

ज ) कानुनी कारबाही गरेर पनि ऋण रकम असल हुन नसकेमा टोल विकास संस्थाका बाँकी सदस्यहरूले सामूहिक रूपमा दामासाहीको हिसाबले कोषलाई ऋण रकम भुक्तानी गर्नुपर्दछ ।

झ ) टोल विकास संस्थाले नगरपालिका साझेदारी विकास कोष , स्थानीय निकाय , गैरसरकारी संस्था र वित्तीय संस्थाबाट लिएको साँवा र व्याज सम्झौतामा तोकिएको भाखामा तोकिएको प्रक्रिया अपनाई चुक्ता गर्नुपर्दछ ।

ञ ) टोल विकास संस्थाका अध्यक्ष तथा पदाधिकारीहरूले ऋणीहरूबाट असूल भएको रकम हिनामिना गेको कारणले टोल विकास संस्थाले ऋण उपलब्ध गराएको स्थानीय निकाय , कोष , गैरसरकारी संस्था र वित्तीय संस्थालाई ऋण चुक्ता गर्न नसकेमा निजहरूलाई सामाजिक दबाब दिई ऋण चुक्ता गर्न लगाउनुपर्दछ ।

ट ) सामाजिक दबाबपछि पनि हिनामिना गरेको रकम अध्यक्ष र पदाधिकारीले चुक्ता नगरेमा अध्यष तथा पदाधिकारीले ऋण लिंदा गरिदिएको सम्झौताको आधारमा ऋण दिने सम्बन्धित निकायले निजहरूउपर कानुनी कारबारी गरी ऋण असूल गर्नुपर्दछ ।

ठ ) ऋणीहरू वा अध्यक्ष तथा पदाधिकारीहरूउपर कानुनी कारवाही गरी असूल गरेको रकम टोल विकास संस्थासंग असूल गर्नुपर्ने रकमभन्दा बढी भएमा बढी भएको रकम सम्बन्धित टोल विकास संस्थालाई फिर्ता गर्नुपर्दछ ।

१५ . ऋण सम्झौता

क ) टोल विकास संस्थाले ऋण दिने स्थानीय निकाय , नागरपालिका साझेदारी विकास कोष , गैरसरकारी संथा र वित्तीय संस्थासँग ऋण लिंदा विकास संस्थाको पदाधिकारीले ऋण लिएको रकम उद्यम र उद्यमी समूहहरूलाई त्राण लगानी गरेकोमा ऋणीहरूले भुक्तानी कार्यक्रबमोजिम ऋण चुक्ता गरेको तर टोल विकास संस्थाका पदाधिकारीहरूले सम्बन्धित संस्थाहरूलाई ऋण चुक्ता नगरेमा संयुक्त रूपमा त्यस्ता पदाधिकारीहरू उपर कानुनी कारवाही गरी निजहरूको घरघरानाबाट चुक्ता असूल गर्ने सर्तमा सम्झौता गर्नुपर्दछ ।

ख ) स्थानीय निकाय , कोष , गैरसरकारी संस्था र वित्तीय संस्थाबाट लिएको एकमुस्ट ऋण रकम टोल विकास संस्थाले भुक्तानी कार्यक्रमको एक प्रति ऋण लगानी गर्ने सदस्यलाई , एक प्रति त्राण दिने निकायलाई र एक प्रति टोल विकास संस्थाले राख्नुपर्दछ ।

ग ) वित्तीय संस्थासँग एकमुस्ट ऋण लिई लगानी गरेको सम्झौतामा वित्तीय संस्थाले लिने व्याजदर र टोल विकास संस्थाले लिने थप व्याजदर वा सेवा शुल्क प्रस्ट उल्लेख गर्नुपर्दछ ।

घ ) टोल विकास संस्थाका पदाधिकारी तथा ऋणीहरूउपर ऋण दिने निकायले कानुन कारबाही गरेर तापनि ऋण रकम असूल नभएमा टोल विकास संस्थाका सम्पूर्ण सदस्यहरूले सामूहिक रूपमा

दामासाहीको हिसाबले ऋण दिने निकायलाई ऋण चुक्ता गर्ने सर्त सम्झौतामा उल्लेख गर्नु पर्दछ ।

१६ . ऋण सदुपयोगको अनुगमन

क ) टोल विकास संस्थाले सदस्यहरूलाई जुन उद्देश्यका लागि ऋण प्रदान गरेको छ सोही उद्देश्यमा लगानी गरेको हुनुपर्दछ ।

ख ) ऋण रकम तोकिएको उद्देश्यमा लगानी भए नभएको निरीक्षण र अनुगमन टोल विकास संस्थाका पदाधिकारीहरूले गर्नेछ । कोषबाट एकमुस्ट ऋण लिई लगानी गरेकोमा समुदाय परिचालक र बजार केन्द्र परिचालक तथा नगर साझेदारी शाखाका कर्मचारीहरूले पनि निरीक्षण र अनुगमन गर्नेछ । यस्तो अनुगमन कोष संचालक समिति , नगरपालिकाले पनि गर्न सक्नेछ ।

। १७ . ब्याज छुट

क ) ऋणीले ऋण लिएपछि ऋणको उद्देश्य परिवर्तन गर्नुपर्ने भएमा त्यसको जानकारी टोल विकास संस्थालाई गराउनु पर्दछ । टोल विकास संस्थाले उद्देश्य परिवर्तन बारे बैठकमा छलफल गरी मनासिब भएका कोष , स्थानीय तह , गैरसरकारी संस्था र वित्तीय संस्थाबाट एकमुस्ट ऋण लिई ऋण लगानी गरेको भए सम्बन्धित ऋण दिने संस्थाको स्वीकृतिका लागि निवेदन दिनुपर्दछ । ऋण

दिने संस्थाले उद्देश्य परिवर्तनका लागि स्वीकृति प्रदान गरेपछि टोल विकास संस्थाले पनि स्वीकृति प्रदान गर्नेछ । तर परिवर्तित ऋणको उद्देश्यमा लगानी गर्न सम्बन्धित संस्थाले स्वीकृति नदिएमा ऋणीले टोल विकास संस्थालाई नियमानुसार ऋण फिर्ता गर्नुपर्दछ । टोल विकास संस्थाले बचत रकमबाट ऋण दिएको भए बैठकले उद्देश्य परिवर्तन गर्न निर्णय गरेमा उद्देश्य परिवर्तन गर्न स्वीकृति प्रदान गर्नेछ ।

ख ) टोल विकास संस्थाले व्याज छुट गर्ने निर्णय गर्नु पूर्व जुन निकायसँग संस्थाले एकमुस्ट ऋण लिएको हो सो निकायलाई छुटका लागि निवेदन दिनु पर्दछ ।

ग ) ऋण दिने सम्बन्धित कोष , स्थानीय तह , गैरसरकारी संस्था र वित्तीय संस्थाले ब्याज छुट गरेमा टोल विकास संस्थाले सोही रकमको व्याज ऋणीलाई छुट गर्न सकिनेछ ।

१८ . आम्दानी

क ) टोल विकास संस्थाले ऋणीहरूसँग असुल गर्ने ब्याजका अतिरिक्त अन्य उद्यम र उद्यमी समूहहरू , स्थानीय तह , गैरसरकारी संस्था , दातृसंस्था , संघ , संगठन र व्यक्तिहरूलाई सेवा प्रदान गरे बापत तिनीहरूसँग शुल्क असुल गर्ने निर्णय गर्न सक्दछ ।।

( ख ) टोल विकास संस्थाले विभिन्न संघ , संगठन , गैरसरकारी संस्था , दातृसंस्था , स्थानीय तह , नेपाल सरकार र व्यक्तिहरूबाट चन्दा र अनुदान प्राप्त गर्न सक्दछ ।

ग ) टोल बिकास संस्थाले बनाएको नीति ( नियम पालना नगर्ने ऋणी र संस्थाका सदस्यहरूबाट जरिवाना असूल गर्ने व्यवस्था अनुसार जरिबाना असुल गर्न सक्दछ ।

घ ) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रूपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार उक्त कोषमा छुट्याउन सक्नेछ ।

ङ ) संस्थाले अन्य स्रोतबाट जम्मा गरेको रकम ।

१९ . खर्च

क ) टोल विकास संस्थाले ऋण लगानी र असूली कार्यमा संलग्न भएका अध्यक्ष , सचिव , कोषाध्यक्ष र सदस्यहरूलाई पारिश्रमिक , भत्ता , पुरस्कार दिने निर्णय गरे बमोजिम सम्बन्धित व्यक्तिहरूलाई भुक्तानी गर्न सक्नेछ ।

( ख ) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च गरिनेछ ।

( ग ) टोल विकास संस्था संचालन , व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नपर्ने खर्चहरू टोल विकास संस्थाको बैठकले बनाएको नीति नियम बमोजम खर्च गर्न सक्नेछ ।

२० नाफा टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ । संस्थाले गरेको नाफा संस्थाको निर्णयअनुसार संस्थामै राख्न वा सदस्यहरूमा दामासाहीले बाँडन सक्नेछ । यस्तो नाफा रकमबाट संस्थाको सर्वसम्मत निर्णयमा सामदायिक कार्य गर्न पनि सकिनेछ ।

२१ . लेखा

( क ) टोल विकास संस्थाका कोषाध्यक्षले निम्न रकमको स्पष्ट लेखा राख्नुपर्दछ ।

१ ) सदस्यहरूबाट प्राप्त भएका बचत र तिनीहरूलाई फिर्ता गरेको बचत रकम

२) टोल विकास संस्थाले स्थानीय तह , गैरसरकारी संस्था र वित्तीय संस्थाबाट लिएको एकमुस्ट ऋण , सदस्यहरूलाई गरिएको लगानी,ऋण दिने निकायलाई चुक्ता गरेको रकम,सदस्यहबाट असूल गरेको ऋण र ब्याज रकम ,

३ ) टोल विकास संस्थाले अन्य स्रोतबाट प्राप्त गरेको आम्दानी , शुल्क , चन्दा , अनुदान , जरिवाना आदि ।

४) टोल विकास संस्थाको संचालन र व्यवस्थानमा भएको प्रशासनिक खर्चहरू ,

५) ऋण लगानी र असूलीमा संलग्न भएका टोल विकास संस्थाका पदाधिकारी र सदस्यहरूलाई दिएको पारिश्रमिक , भत्ता र पुरस्कार ।

( ख ) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब सामहिक रूपमा ( सम्भव भए प्रत्येक बैठकमा ) टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ ।

२२) लेखापरीक्षण

कोषाध्यक्षले राखेको हिसाब किताबको लेखापरीक्षण वार्षिक रूपमा टोल विकास संस्थाले नियुक्त गरेको लेखापरीक्षकबाट गराउनुपर्नेछ । संस्थाको लेखापरीक्षण तालिम प्राप्त लेखापरीक्षकबाट गराउनुपर्नेछ । तर सोही संस्थाको सदस्यबाट लेखापरीक्षण गराउन पाइदैन । संस्थाले चाहेमा कानुनी अधिकार प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउन सक्दछ । लेखापरीक्षण प्रतिवेदन टोल विकास संस्थाका सम्पूर्ण सदस्यहरूलाई अनिवार्य रूपमा जानकारी गराउनु पर्दछ । आवश्यकता अनुसार कोषले पनि लेखापरीक्षण गर्न सक्नेछ ।

गोदावरी नगरपालिका, ललितपुर

अनुसूची ( १

**टोल विकास संस्थाका लागि विधानको नमुना**

**....................टोल विकास संस्थाको विधान**

**प्रस्तावना :**

स्थानीय रूपमा उपलब्ध श्रम , सीप र साधन तथा अवसरहरूलाई अधिकतम परिचालन गरी गाउँ नगरको अन्तरसम्बन्धलाई सुदृढीकरण गर्न तथा नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रूपमा विकसित गरी गरिवी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुल्याउन सहभागितात्मक योजना तर्जुमा गर्न,उद्यमी समाजको निर्माण गर्न तथा टोलका जनसमुदायहरूलाई संस्थागत रूपमा विकास गर्ने वातावरण सिर्जना गर्न ..............टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले **टोल बिकास संस्था गठन र कार्यबिधि २०७६ अनुसार** यो विधान बनाइएको छ ।

**परिच्छेद ( १)**

**१ . प्रारम्भिक :**

संक्षिप्त नाम र प्रारम्भ

( क ) यो विधान ............... टोल विकास संस्थाको विधान हुनेछ ।

( ख ) यो संस्थाको नाम ............ . हुनेछ ।

( ग ) यो विधान............... टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको र **नगरपालिकामा दर्ता भएको** मितिदेखि लागू हुनेछ ।

( घ ) यस संस्थाको कार्यालय........... , मा हुनेछ ।

( ङ ) यस संस्थाको सिमाना

पूर्व . . . . . . . . . . . . . . . पश्चिम ..........................

उत्तर . . . . . . . . . . . . . . . दक्षिण ................................

. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

( क ) ' संस्था ' भन्नाले . . . . टोल विकास संस्थालाई समझनुपर्छ ।

( ख ) ' विधान ' भन्नाले .........टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ ।

(ग ) ' साधारणसभा ' भन्नाले......... संस्थाको साधारण सदस्यहरूको भेला सम्झनुपर्छ ।

( घ ) ' समिति ' भन्नाले ...........टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ ।

( ङ ) ' बैठक ' भन्नाले............. सस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ ।

( च ) ' कार्यमूलक उपभोक्ता समूह ' भन्नाले साधारणसभाले विशेष जिम्मेवारी दिई गठन भएका समूह वा संस्थाभित्र विभिन्न कार्य गर्नका निमित्त गठित समूहहरूलाई सम्झनुपर्छ ।

( छ ) ' पदाधिकारी ' भन्नाले संस्था वा कार्यमूलक उपभोक्ता समूहका अध्यक्ष , कोषाध्यक्ष , सचिव र सदस्यहरूलाई जनाउँछ ।

( ज ) ' उपसमिति ' भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उप समितिलाई सम्झनुपर्छ ।

( झ ) ' बवत ' भन्नाले साधारण सदस्यहरूबाट निश्चित अवधिमा सञ्चय गरेको रकमलाई सम्झनु पर्छ ।

( ज ) ' बचतकर्ता ' भन्नाले संस्थाका बचत गर्ने सदस्यहरूलाई जनाउँछ ।

( ट ) ' ऋण ' भन्नाले एकमुस्ट बा किस्ताबन्दीका रूपमा फिर्ता बुझाउने गरी निश्चित अवधि , व्याजदर र उद्देश्यका साथ प्रदान गरेको रकमलाई जनाउँदछ ।

( ठ ) ' तोकिए ' वा ' तोकिए बमोजिम ' भन्नाले संस्थाले समय समयमा गरे निर्णय बमोजिम बिधान वा यस विधान अन्तर्गत बनाएका नियमावली वा विनियममा उल्लेखित कुराहरूलाई जनाउँदछ ।

**३. संगठित संस्था हुने**

( क ) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । सो छाप कार्यमूलक उपभोक्ता समूहहरूले आ ( आफ्नो नाम राखी प्रयोग गर्न पाउनेछन् ।

( ख ) संस्था तथा कार्यमूलक उपभोक्ता समूहले व्यक्तिगत चल ( अचल सम्पत्ति प्राप्त गर्न , उपभोग गर्न वा कुनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ ।

( ग ) संस्था वा कार्यमूलक उपभोक्ता समूहले व्यक्तिसरह आ ( आफ्नो नालिस उजुर गर्न र सो उपर नालिस उजुर लाग्न सक्नेछ ।

## परिच्छेद - २

**४ . संस्थाका उद्देश्यहरू :**

संस्थामा आवद्ध सबै खाले सदस्यहरूको संस्थागत , सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ ।

( क ) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

( ख ) टोलका व्यक्तिहरूको आयमा वृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मदत पुयाउने ।

( ग ) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरूको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुयाउने ।

( घ ) स्थानीय स्तरबाट सिकेको अनुभवबाट गाउँ ( नगर सम्बन्ध विस्तार तथा शहरी समाज परिचालनको एउटा नमुना कार्यक्रम विकसित गरी देशको अन्य नगरपालिकामा विस्तार गर्न सहयोग गर्ने ।

( ङ ) स्वशासित संस्थालाई प्रभावकारी बनाउने ।

( च ) संस्थालाई नगरपालिकाको सबभन्दा तल्लो इकाईको रूपमा स्थापित गराई सहभागितात्मक नगरपालिका योजना तर्जुमा , अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

**५. संस्थाका कार्यहरू :**

( क ) प्रत्येक टोल स्तरमा शतप्रतिशत घरपरिवार सहभागी भएका महिला वा पुरुष वा दुबै थरी समावेश भएको टोल विकास संस्था गठन गर्ने ।

( ख ) सदस्यहरूबाट नियमित रूपमा बचत संकलन तथा परिचालन गर्ने ।

( ग ) सस्थाका सदस्यहरूलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आफ्नो लगानी तथा संघसंस्थाबाट ऋण लिई रकम संचालन गर्नमा पहल गराउने ।

( घ ) तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलवासीहरूको ज्ञान र सीप बुद्धि गराउने कार्यमा सहयोग गर्ने ।

( छ ) टोलमा आइपरेका समस्याहरू समाधान गर्न एक अर्कामा भाइचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने ।

( च ) पिछडिएका वर्ग तथा जनजातिहरूको विकासका लागि सम्बन्धित क्षेत्र तथा निकायबाट सहयोगका लागि सम्बन्ध विस्तार तथा समन्वय कायम गर्ने ।

( छ ) गाउँ तथा नगरको अन्तर सम्बन्ध हुने गरी कार्यक्रमहरू तयार गरी आत्मनिर्भरतातर्फ अघि बढ्ने

( ज ) आफ्नो समस्यालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा स्रोतको समुचित परिचालनका लागि आफ्ना सामाजिक तथा आर्थिक पूर्वाधार विकास सम्बन्धी टोल विकास योजना र उद्यम विकास योजना बनाउने ।

( झ ) यसका अलावा नगरको अन्तर सम्बन्ध बढाउन विभिन्न सिर्जनात्मक कार्यहरू गर्ने जस्तै , ग्रामीण क्षेत्रको उत्पादन शहरमा खपत गराउन व्यापार गर्न प्रोत्साहन गर्ने । बजारमा माग भए अनुरूपको उत्पादन गर्न प्रोत्साहन गर्ने । ग्रामीण क्षेत्रमा नगरको सेवा सुविधाहरू विस्तार गर्ने सेवामूलक उद्यम सिर्जना गर्न प्रोत्साहन गर्ने ।

## परिच्छेद - ३

### ६. सदस्यता

( क ) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

( ख ) सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोके बमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

### ७ . सदस्यता नरहने

( क ) सदस्यको मृत्यु भएमा ।

( ख ) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गर्ने र साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

( ग ) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

( घ ) संस्थालाई हानि ( नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन , आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा । तर सम्बन्धित सदस्यहलाई सफाइ दिने अवसरबाट बञ्चित गरिने छैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

## परिच्छेद -४

### ८ . संस्था गठन एवं कार्य संचालन विधि

( क ) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरूको सर्वसम्मति निर्णयबाट टोलको क्षेत्र निक्यौल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने सम्पूर्ण घरधुरीहरूको उपस्थितिमा संस्था गठन गरिनेछ ।

ख ) दफा ८ ( क ) बमोजिम टोल विकास संस्था गठन गर्ने उपस्थित भएकाहरूले गरेको सर्वसम्मत निर्णयको आधारमा एक ( एक जना अध्यक्ष , उपाध्यक्ष , कोषाध्यक्ष र सचिव र अन्य सदस्यहरु मध्येबाट ९ सदस्य एक कार्यसमिति रहनेछ । समग्र कार्यसमितिमा अध्यक्ष,कोषाध्यक्ष ।र सचिव मध्ये एक पदाधिकारी  महिला सहित कम्तिमा ३ जना महिला हुनुपर्नेछ ।आवश्यकता अनुसार सल्लाहकार समिति तथा संरक्षक समिति गठन गर्न सकिने छ ।

**<u>साधारण सदस्य</u>**

**<u>१</u>**

**<u>२</u>**

**<u>३</u>**

४

५

६

कार्य समिति

| सि.न | पद | नामथर | **फोटो** | **कै** |
|---|---|---|---|---|
| १) | अध्यक्ष | | | |
| २) | उपाध्यक्ष | | | |
| ३) | कोषाध्यक्ष | | | |
| ४) | सचिव | | | |
| ५) | सदस्य | | | |
| ६) | सदस्य | | | |
| ७) | सदस्य | | | |
| ८) | सदस्य | | | |
| ९) | सदस्य | | | |

( **९. संस्थाका पदाधिकारीहरूको काम , कर्तव्य र अधिकारः**

संस्थाका पदाधिकारीहरूको काम , कर्तव्य र अधिकार देहाय बमोजिका हुनेछन् ।

**( क ) अध्यक्षाको काम , कर्तव्य र अधिकार**ः

टोल विकास संस्थालाइ कसरी प्रभावकारी बनाउने भन्ने सम्बन्धमा संथाका अध्यक्षको काम , कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

१ ) टोल विकास संस्थाको नियमित बैठ बोलाउने बैठकका लागि मिति , समय र स्थानको निर्णय गर्न संस्थाका सबै सदस्यको सहमति लिने ।

२) बैठकको अध्यक्षता गरी बैठक संचालनगर्ने ।

३ ) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरू टिपोट गर्ने वा गर्न लगाउने

४ ) छलफल हुँदा सबैको विचार सकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५ ) बैठकमा आवश्यक प्रस्तावहरू पेश गर्न लगाउने ।।

६ ) निर्णयहरू लागगर्ने र गर्न लगाउने ।

७ ) सचिव र कोषाध्यक्षलाई आवश्यकता अनुसार सहयोग पर्‍याउने ।

८ ) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

९ ) संस्थाले आर्जन प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

१० ) आवश्यक कार्यमा संस्थाको प्रतिनिधिहरू गर्ने वा गराउने ।

११ ) अन्य सहयोगी निकायहरूसँग समन्वय राख्ने , आवश्यक भएमा परिचालनको बन्दोबस्त

१२ ) विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहको सहमतिमा बैठक बोलाउने ।

१३ ) विविध प्रकारका समन्वय बैठकमा भाग लिने ।
**( ख ) उपाध्यक्षको काम , कर्तव्य र अधिकार .**
१ ) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता ग्रहण गर्ने ,
२ ) अध्यक्षद्वारा तोकिएका विषयगत कार्यको नेतृत्व प्रदान गर्ने ।
**( ग ) सचिवको काम , कर्तव्य र अधिकार**
१ ) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।
२ ) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षतागर्ने ।
४ ) एकतिहाइ सदस्यहरूले विशेष बैठकका लागि लिखित माग गरेका विशेष बैठक बोलाउने ।
५ ) बैठक पुस्तिकामा उपस्थित गराउने ।
६ ) छलफलका प्रस्तावहरू संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय पढेर सुनाउने पुनः प्रत्येक सदस्यहरूलाई हस्ताक्षर गर्न लगाउने ।
७ ) बचत तथा ऋण लगानीको व्यवस्थापन गर्न सहयोग पुयाउने ।
८ ) संस्थाका क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने ।
९ ) संस्था संचालनमा र अन्य सदस्यहरूलाई आवश्यक सहयोग गर्ने ।
**( घ ) कोषाध्यक्षको काम , कर्तव्य र अधिकार**
१ ) प्रत्येक बैठकमा सबै सदस्यहस्वाट बचत संकलन गरी बचतको विवरण पेश गर्ने ।
२ ) प्रत्येक सदस्यको बचत रकम व्यक्तिगत बचत खातामा चढाउने ।
३ ) व्यक्तिगत बचत खाता अनुसारको रकम प्रत्येक सदस्यको पासबुकमा चढाई प्रमाणका लागि दस्तखत गर्ने ।
४ ) संकलित बचत रकम संस्थाको निर्णय अनुसार नजिकको बैंकको खातामा जम्मा गरी गराई बैंकबाट प्राप्त भएको पासबुकमा उल्लेख गराउने ।
५ . बैठकको निर्णयअनुसार बचतको परिचालन गरी रेकर्ड राख्ने ।
६)निर्णयअनुसार गर्नुपर्ने लगानी गरी असूली समेत गर्ने र लगानी र असूलीको रेकर्ड राख्ने ।
७ ) सम्पूर्ण सदस्यहरूको गत बैठकसम्मको बचत रकम , बैंकमा रहेको रकमसँग भिडाउने । जस्तै ,
८)ऋण लगानीपश्चात् प्राप्त व्याज आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हुने आम्दानीको वितरण गरी सबै सदस्यहरूको व्यक्तिगत खाता , पासबुक एवं बचत खातामा चढाउनुपर्ने ।
९ ) संस्थाले गरेको काम कारोबारको लेखापरीक्षण गराउने ।
१० ) बैंकमा खाता संचालन गर्दा संयुक्त रूपमा खाता संचालन गर्ने ।
११ ) अन्य सदस्यहरूसंग समनवय राखी सहयोग लिने दिने ।
१२ ) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।
**(ङ) सदस्यहरूको काम , कर्तव्य र अधिकार**
१ ) साझेदारीपत्रमा उल्लेखित शर्तअनुसार गर्नुपर्ने कामहरू गर्ने ।
२ ) सस्थाको हिसाबकिताब बराबर बेक गर्ने ।
३ ) टोल विकास संस्थाका पदाधिकारीहरूले गरेका कामको मूल्याइकन नियमित रूपमा गर्ने । उनीहरूको काम सन्तोषजनक नभए उनीहरूलाई सचेत गराउने ।
४ ) आवश्यकता अनुसार संस्था संचालनका लागि नीति ( नियमहरू बनाउने र सो नियमहरू पालना भए नभएको हेर्ने ।
५) आवश्यकता अनुसार अध्यक्ष , उपाध्यक्ष , सचिव , कोषाध्यक्षहरूलाई सघाउने ।
६ ) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।
७ ) नियमित बचत बुझाउने र अरुलाई पनि बुझाउन प्रोत्साहित गर्ने ।

८ ) आफूले लिएको ऋण समयमा तिर्ने साथै ऋण असुली गर्न सहयोग गर्ने । संस्थाको बैठक र कार्य प्रणाली

**१० . संस्थाको बठैक र कार्य प्रणली:**

**साधारण - सभाको गठन :**

सस्थाको सम्पूर्ण सदस्यहरू र सल्लाहकार समेत रहेको एक साधारण सभा हुनेछ । साधारण - सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा संस्थाको सचिब र निजको पपनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ । साधाण - सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**११. साधारण - सभाको काम , कर्तव्य र अधिकार :**

( क ) संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश गरेको जुनसुकै विषयमा यथोचित सल्लाह दिने र कार्यसमितिबाट निर्णय भई आएका कार्यहरुको अनुमोदन गर्ने ।

(ख) लेखापरीक्षक नियुक्ति गर्ने तथा यसको पारिश्रमिक तोक्ने ।

( ग) संस्थाको गत सालको हिसाब विवरण र त्यस सम्बन्धमा लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने

( (घ ) विषयगत उपसमितिहरु आवश्यकता अनुसार गठन गर्ने र अख्तियारी प्रदान गर्ने ।

( ङ ) उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

( च ) विधान संशोधन गर्ने ।

( छ ) आवश्यकता अनुसार सल्लाहकारको मनोनयन गर्ने ।

( ज ) आवश्यकता अनुरूप टोल विकास योजना तथा उद्यम विकास योजना बनाउने संस्थालाई अधिकार प्रत्यायोजन गर्ने ।

( झ ) वार्षिक साधारण सभासा सदस्यहरु मध्ये ७० प्रतिशत सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ। उपसिस्त ७० प्रतिशत नभएमा पन साधारण सभाको आमन्त्रण गर्नु पर्नेछ र दोश्रो पटकको लागी ५१ % ( प्रतिशतलाई पनि गणपुरक संख्या मानिनेछ ।

( ञ ) संस्थाले हरेक कार्तिक मसान्तभित्र साधारण सभा सम्पन्न गरि सक्नु पर्नेछ ।

( ट ) वार्षिक साधारण सभाको अवसरमा अगाडी आ .व का लागी टोल स्तरको योजना तर्जुमा समेत गरी मंसिरको पहिलो हप्ताभित्र निर्धाृत ढाँचाको योजना फारम भरी वडा अध्यक्षलाई बुझाउनु पर्नेछ ।

**१२ . विशेष साधारण सभा :**

संस्थाको हितलाई ध्यानमा राखी कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा अनरोध । गरेमा बढिमा १५ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

१२कटोल सुधर संस्था दर्ता भएको मितिबाट ६महिना भित्र साधारण सभा गरी नयाँ कार्यसमिति गठन गर्नु पर्ने छ । कार्य समितिको कार्यकाल दुई बर्षको रहनेछ ।

**परिच्छेद - ५**

**निर्वाचन सम्बन्धी व्यवस्था**

१३ . यस कार्यविधिको भावना र संस्थाको विधानको अधिनमा रही संख्याका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष लगायत विभिन्न आवश्यकताका आधारमा गठन हुने उपसमिति संयोजक र सदस्यहरुको निर्वाचन गर्न एउटा निर्वाचन समिति गठन गरिनेछ , जसमा निर्वाचनमा भाग नलिने सस्थाले तोकेको व्यक्तिको संयोजकत्वमा साधारण सदस्यहरु मध्येबाट ३ जनाको निर्वाचन मण्डल गठन गरिनेछ । जसले सस्थाको नियमानुसार निर्वाचन प्रक्रिया अगाडी बढाई निर्वाचन कार्य सम्पन्न गर्नेछ ।

## परिच्छेद - ६

**व्यवस्थापन**

१४.संस्थाको व्यवस्थापन संस्थाका पदाधिकारीले गर्नुपर्नेछ। संस्था सक्षम भएको अवस्थामा संस्थाको हिसाव किताव पारदर्शी एवं प्रभावकारी रुपमा अघि बढाउनको लागि आवश्यकतानुसार कर्मचारीहरु नियुक्ती गरिनेछ र यसरी कर्मचारी नियुक्त गर्दा तिनीहरुलाई प्रदान गरिने तलब र सुविधाहरु निर्धारण गर्दा प्रशासनिक नियमावली बनाई साधारण सभाबाट अनुमोदन गराई मात्र लागु गरिनेछ।

**१५ आर्थिक व्यवस्था :**

( क ) संस्थाको देहायबमोजिम आर्थिक स्रोत हनेछ :

- सदस्यताबाट प्राप्त शुल्क ।
- सदस्यहरबाट गरिने नियमित बचत ।
- सरकारी तथा गैरसरकारी संस्थाबाट निःशर्त सहायता अनुदान ।
- दाताहरूबाट प्रति निःशर्त सहयोग ।
- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त वा सेवा प्रदान गरेर आर्जित आय वा पुरस्कार ।
- संस्थाको कोषबाट आर्थिक आय ।
- टोल विकास संस्थाले विभिन्न संघसंस्थासँग प्रमाण लिई आफ्ना सदस्यहरूलाई ऋण लगानी गरी कमाएको व्याज , सेवा शुल्क र हर्जाना वापतको रकम ।
- अन्य आम्दानी ।

( ख । प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात् विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी सस्थाको हुनेछ ।

( ग ) संस्थाको नाममा प्राप्त वा खरीद चल - अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ ।

**१६. बचत :**

( क ) टोल विकास संस्थाका सदस्यहरूले सम्पूर्ण सदस्यहरूबाट नियमित रूपमा बचत संकलन गरी एक टोल विकास संस्थाको बचत ' खडा गर्नेछ ।

( ख ) उक्त संस्थाको बचतको प्रयोगका लागि बैठकको सर्वसम्मत निर्णय आवश्यक पर्नेछ ।

( ग ) संस्थाको बचत सामान्यतया सदस्यहरूको आर्थिक विकासमा खर्च गर्नुपर्नेछ ।

( घ ) यो बचत रकम संस्थाको कार्यक्षेत्र भित्र संस्थाका सदस्यहरू बीच तोकिएको शर्त र व्यवस्था अनुरूप लगानी र असूली हुनेछ ।

( ङ )यो बचत रकम निरन्तर चन्ने र बुद्धि हुँदै जानेछ ।

( च ) यो बचत रकम संलग्न सदस्यहरूको दाबी रहनेछ ।

( छ ) संस्थाको नयाँ सदस्य बनी संस्थामा प्रवेश हुन चाहेमा संस्थाको निर्णय बमोजिम हुनेछ ।

(ज) संस्थाको बचत व्यवस्थापनको लागि संस्थाले अन्य संस्थाहरुसंग मिलेर सहकारी स्थापन गरी संचालन गर्न सक्नेछ ।

( झ ) यो बचत रकम संचालन कायविधि तोकिए बमोजिम हुनेछ ।

**१७ . सम्पत्ति तथा दायित्व**

प्रचलित नियम कानुनमा व्यवस्था भए अनुसार संस्थाको आफ्नो नाममा रहेको सम्पत्ति व्यक्ति सरह भोगचलन गर्न मात्र पाउनेछ । संस्था बिघटन भएमा व्यक्तिगत बचत बाहेकको सम्पत्ति स्वत . नगरपालिकाको स्वामित्वमा आउनेछ । टोल संस्था विघटन भएको अवस्थामा नगरपालिकाले टोल विकास संस्थाको सम्पत्ति छानविन गर्न नगरपालिकाले प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकिएको अधिकृत स्तरको कर्मचारी , सामाजिक विकास शाखाको कर्मचारी र लेखा प्रमुख वा

निजले तोकिएको अधिकृतस्तरको कर्मचारीको समेत रहेको ३ सदस्यीय विशेष छानविन समिति गठन गरी सम्पत्तिको मूल्याइन गर्नेछ ।

### १८. राजीनामा :

(क) संस्थाका सदस्यहरूले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्षसमक्ष दिन सक्नेछन् ।

( ख ) अध्यक्षले आफ्नो राजीनामा उपाध्यक्ष मार्फत र निजको अनुपस्थितिमा सचिव मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाने निर्णय गरे बमोजम हुनेछ ।

### १९. आविश्वासको प्रस्ताव :

संस्थाको अध्यक्ष एवं पदाधिकारीहरू उपर अविश्वास लागे यथोचित् कारण देखाई सस्थाका ६७ प्रतिशत सदस्यहरूले विशेष साधाणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

### २०. विधानको संशोधन :

यस टोल विकास संस्थाको संशोधन गर्नुपर्ने भएमा कार्यगत समितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरी सो सभामा उपस्थित सदस्यहरूको दुईतिहाइ बहुमतले पारित गर्नुपर्नेछ ।

## परिच्छेच - ७

### २१. विविध :

( क ) यस विधानबमोजिम टोल विकास संस्थाले आफ्ना सदस्यहरूमध्येबाट आर्थिक विकासका लागि उद्यमी समूह र उद्यम तथा आवश्यक परेका बखत खास कार्यका लागि कार्यमूलक र उपभोक्ता समूह गठन गर्न सक्नेछ । उक्त उद्यम उद्यमी काम , कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

( ख ) यो विधानको व्याख्या गर्ने अधिकार संस्थाको साधारण सभामा निहित रहनेछ ।

( ग ) संस्थाले संस्थाको उद्देश्य पूर्तिका लागि विधानको अधिनमा रही नियमावली बनाउन र उपसमिति गठन गर्नुपरेमा सो समेत गर्न सक्नेछ ।

( घ ) प्रचलित नेपालको ऐन ( नियमहरूसँग बाझिएका बुदाहरू हदसम्म स्वतः खारेज हुनेछ ।

अनुसूची १

यस संस्थाको निम्नानुसारको छाप हुनेछ ।

## निवेदनको नमुना

मिति . . . .

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू
गोदावरी नगरपालिका
बज्रबाराही,ललितपुर

विषय : टोल विकास संस्थादर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस नगरपालिका बडा नं . . . . . . . . . . . . . को ......... टोलमा शहरी समाज परिचालन प्रक्रिया पूरा गरी गठन गरिएको.......... टोल विकास संस्थालाई गोदावरी नगरपालिका कार्यालयमा दर्ता गरि दिनु हुन अनुरोध गर्दछ ।

यस ..............टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किस्ताभित्र सीमित रहनेछ ,

पूर्व सिमाना . . ............
पश्चिम सिमाना ....... . . . .
उत्तर सिमाना . . . .
दक्षिण सिमाना . . . . .

निवेदक

**अध्यक्षको नाम :**

ठेगाना :

गोदावरी नगरपालिका, ललितपुर